**Nepalese Culture**
**Vol. 19 : 113-124, 2026**
**Central Department of NeHCA,**
**Tribhuvan University, Kathmandu, Nepal**
**DOI:** https://doi.org/10.3126/nc.v19i01.95022

# यज्ञ परम्परा र कर्मकाण्ड संस्कृति

**अरुणकुमार पाण्डे**[१]
Email: omkarvani2064@gmail.com

**Received Date: April 08, 2026; Accepted Date: May 20, 2026; Published on: June 1, 2026**
**Copyright: @CDNeHCA, Tribhuvan University**

## लेखसार

कर्मकाण्ड र धार्मिक यज्ञ अनुष्ठान नेपाली समाजका अभिन्न अङ्ग बन्दैआएका हुन् । कर्मकाण्ड र यज्ञानुष्ठानसँग जोडिएका धार्मिक, आध्यात्मिक, सांस्कृतिक, सामाजिक, आर्थिक र शैक्षिकलगायत अनेकौं आयामहरू छन् । सुस्वास्थका निमित्त मनोसामाजिक उपचार पद्धतिको रूपमा समेत धार्मिक कृत्यलाई हेरिएको छ । नेपालमा धेरै अभौतिक सांस्कृतिक सम्पदा कर्मकाण्डसँग जोडिएका छन् । धार्मिक प्रयोजनका वस्तु उत्पादन र व्यापारमा आधारित अर्थतन्त्रसमेत कर्मकाण्डसँग जोडिएको छ । कर्मकाण्ड यहाँको संस्कृति र जीवन पद्धति हो । कर्मकाण्डको रहस्य बुझेर या नबुझी मानिसहरू कर्मकाण्ड एवम् यज्ञानुष्ठानमा अभ्यस्त छन् । संसारका अन्य देशका हिन्दू समुदायले अभ्यास नगरेका अनुपम यज्ञ अनुष्ठान र कर्मकाण्ड पद्धति नेपालमा निरन्तर प्रयोगसिद्ध भएको इतिहास छ । हाम्रो यो विशिष्ट सांस्कृतिक पहिचानको विशेषता र महिमा उजागर गर्दै कर्मकाण्डलाई अझै श्रद्धा र विश्वासका साथ जीवन्त राख्नु पर्ने आजको आवश्यकता हो । नेपाली संस्कृतिको अभिन्न अङ्ग, महिमामण्डित वेदोक्त कर्मकाण्ड पद्धतिलाई राजनीतिक र सामाजिक क्षेत्रका केही अल्पज्ञानीहरूले यदाकदा उपहासको विषय बनाएको देखिन्छ । नास्तिकतालाई अग्रगमन र पश्चिमीकरणलाई आधुनिकीकरण ठान्दै कर्मकाण्ड र धार्मिक यज्ञानुष्ठानलाई अशिक्षा र पछौटेपना मान्ने मानिसहरूका बीचमा नयाँ पुस्तालाई हाम्रा मौलिक नेपाली यज्ञ परम्परा र कर्मकाण्ड संस्कृतिको वहुआयामिक विशेषताको ज्ञान दिन जरुरी देखिन्छ । यस अनुसन्धानात्मक लेख सनातन यज्ञ परम्पराको महत्त्वपूर्णलाई कर्मकाण्ड संस्कृतिमा विश्लेषणात्मक प्रकाश पार्ने उद्देश्यले तयार गरिएको हो । धार्मिक ग्रन्थको अध्ययन, धार्मिक कृत्य अवलोकन, अन्तर्वार्ता र स्वअभ्यासका माध्यमद्वारा प्राथमिक तथा द्वितीयक तथ्याङ्क संकलन गरी विश्लेषणात्मक र विवरणात्मक ढाँचामा यो लेख तयार गरिएको छ ।

**सूत्रशब्दः** अनुष्ठान, अमूर्त सम्पदा, कर्मकाण्ड संस्कृति, यज्ञ, वैदिक सनातन परम्परा ।

१ अरुणकुमार पाण्डे नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभागमा स्नातकोत्तर तह तृतीय सेमेस्टरमा अध्ययन गर्ने विद्यार्थी हुन् । यज्ञ सम्पादन, पुराण प्रवचन, शिक्षण र समाजसेवामा योगदान दिनुभएका पाण्डे विश्व हिन्दु महासंघ नेपाल राष्ट्रिय समिति, राष्ट्रिय धर्मसभा नेपाल, ॐकार वाणी धार्मिक पत्रिका, ॐकार टेलिभिजनलगायत सनातन धर्मका विभिन्न सङ्घसंस्थामा लामो समयदेखि स्वयम् सेवा गर्दै आउनुभएका एक कर्मशील संस्कृतिकर्मी हुन् ।

## परिचय

नेपाल मानव र ऋषिमुनिको मात्रै होइन स्वयं देवताको पनि साधनास्थल एवम् तीर्थस्थल हो । देवघाट र देवपत्तन देवताका सभास्थल हुन् । पाशुपत क्षेत्र शिवपार्वतीको क्रिडास्थल हो । यो वेदव्यासको वेदभूमि भएकोले वेदका तीनकाण्ड ज्ञान, उपासना र कर्मकाण्डको साधनाभूमि भन्न सकिन्छ । यो पाणिनिको व्याकरण लेखिएको स्थल हो । विश्वामित्रको गायत्री साधना भूमि यसै भूमिलाई भनिन्छ । नेपाल महर्षि याज्ञवल्क्यको ज्ञानभूमि र राजर्षि जनकको यज्ञभूमि हो । यहाँ पितृतीर्थका रूपमा प्रसिद्ध कागवेनी मुक्तिक्षेत्र, वराहक्षेत्र, रसुवा बेत्राबती, गोकर्ण उत्तरगया, शंखमूललगायत धेरै तीर्थ भएकाले श्राद्ध एवम् तर्पणभूमि भन्न सकिन्छ । यो क्षेत्र वैदिक कालदेखि देवयज्ञ र पितृयज्ञको पवित्र स्थान भएकोले कर्मकाण्डको भूमि हो ।

सनातन धर्मले निर्देश गरेका वैदिक यज्ञ अनुष्ठान हाम्रा वैदिक परम्पराका रूपमा स्थापित र विकसित हुँदै आएको देखिन्छ । वैदिक कालबाट प्रष्ट रूपमा विकसित हुँदै आए पनि हाम्रा वैदिक संस्कार र संस्कृतिको पृष्ठभूमिमा नवपाषाण काल र सभ्यताकालका मानव संस्कृतिले आधार प्रदान गरेका हुन् भन्न सकिन्छ । मानव जातिले प्राकृतिक सत्तालाई अदृश्य ईश्वरीय सत्ताका रूपमा बुझ्न र पूज्न थालेसँगै अनेकौं संस्कृतिको विकास गर्दै लगेको देखिन्छ । सूर्य, चन्द्र, पृथ्वी, आगो, पानी, माटो, ढुंगा र वृक्ष जस्ता प्राकृतिक तत्त्वलाई देवता मान्दै देवयज्ञको परम्परा विकास भएको भन्न सकिन्छ । आफ्ना दिवङ्गत पूर्वजलाई पितृको रूपमा सम्मान गर्ने संस्कृतिको विकास गर्दै श्राद्ध तर्पणादि पितृयज्ञको विकास भएको पाइन्छ । मानवताको विकास हुँदै जाँदा अतिथिसेवाको परम्परा विकास भयो । मानव मात्र नभएर मानवेतर सारा प्राणीहरूमा दया करुणाको भावले भूतयज्ञको परम्परा विकास भयो । स्मृतिकालमा पञ्च महायज्ञको अवधारणा स्थापित भइसकेको पाइन्छ । स्मृतिकारहरूले राजधर्म खण्डमा राजाका धार्मिक यज्ञानुष्ठानादि कृत्य गर्नुपर्ने कर्तव्य उल्लेख गरेपछि राजाहरूले त्यसको अनुशरण गरेर यज्ञानुष्ठानलाई जोड दिएको पाइन्छ । *यथा राजा तथा प्रजा* अर्थात् जस्तो शासक त्यस्तै जनता भन्ने लोकोक्तीलाई पछ्याउँदै विभिन्न कालखण्डमा सर्वसाधारणले शास्त्र निर्देशित यज्ञानुष्ठान र कर्मकाण्ड संस्कृति अवलम्बन गर्दै आएको पाइन्छ । यज्ञ परम्परा र कर्मकाण्ड संस्कृतिको विकासमा हजारौं ऋषि महर्षिहरूले विकास गर्दै ल्याएको आर्य परम्पराको पनि महत्त्वपूर्ण योगदान रहेको देखिन्छ ।

सभ्यताकाल, वैदिक काल, उत्तरवैदिक काल, रामायण महाभारत काल पार गर्दै पौराणिक कालसम्म आइपुग्दा वैदिक यज्ञानुष्ठान र कर्मकाण्डका पद्धति निर्माण भइसकेको पाइन्छ । मानव जन्मलाई सार्थक बनाउनका लागि धर्म, अर्थ, काम र मोक्ष चार पुरुषार्थ धर्मशास्त्रमा उल्लेख गरिएका छन् । *धर्मार्थकाममोक्षाणाम् पुरुषार्थ चतुर्विधम्* - (मनुस्मृति अध्याय ४ श्लोक १००) कर्म या कार्य सम्पादन नगरी कुनै पुरुषार्थ सिद्ध हुन सक्दैन । सनातनदेखि कर्मण्य हुन हामीलाई प्रेरणा मिलेको छ । *कर्मण्यवाधिकारस्ते मा फलेषु कदाचन* - (श्रीमद्भगवद्गीता अध्याय २ मन्त्र ४७) अर्थात् सनातन धर्मले कर्मलाई नै मानिसको अधिकार मानेको छ न कि फल प्राप्ति वा उपलब्धिलाई । अकर्मण्यताले योग र क्षेम हुन सक्दैन । विद्या, धन, पद, प्रतिष्ठालगायत जुनसुकै विधामा नयाँ उपलब्धि थप्ने (योग) र प्राप्त भएका उपलब्धि संरक्षण (क्षेम) का लागि कर्म गर्नैपर्छ । सिंह बलवान् छ भन्दैमा उद्यम र पराक्रम नगरी सिकार आफै मुखमा आएर पस्दैन । यसर्थ कर्मको प्रधानता रहने विधा कर्मकाण्ड सनातन धर्मको पहिलो सिढी हो भन्न सकिन्छ । जतिसुकै उचाइ किन नहोस हरेक घर या मन्दिरको संरचना आधारशिला या जगमा अडेको हुन्छ भन्ने कुरा सहजै बुझ्न सकिन्छ । कर्मद्वारा नै मानव जातिले पुरुषार्थ सिद्ध गर्न सक्ने भएकोले कर्मलाई पुरुषार्थको जग वा आधारशिला भन्न सकिन्छ ।

भौतिक विकास होस् वा वैज्ञानिक आविष्कार हरेक सिर्जना कर्मबाट नै प्रारम्भ हुन्छन् । जनजीवनका दैनिकी कर्मबिना असम्भव छन् । गृहस्थ हुन् वा सन्यासी बिहानदेखि राति नसुतन्जेल स्वाभाविक कर्म या कार्य गरिरहन्छन् । सनातन धर्मको प्रधानग्रन्थ वेदका चार विभागमध्ये यजुर्वेदलाई यज्ञ प्रयोजनार्थ विभाग गरिएको भनिन्छ । यजुर्वेदका दुई शाखा शुक्ल र कृष्ण उपलब्ध छन् । तिनका एकसयभन्दा धेरै शाखामा १ लाख मन्त्र छन्

भनिए तापनि हाल शुक्ल यजुर्वेदका काण्व र माध्यान्दिनी दुई शाखा र कृष्णयजुर्वेदका तैतरीय, कठी र मैत्रायण तीन शाखा मात्रै उपलब्ध छन् । वेदका एक लाख मध्ये असीहजार मन्त्र कर्मकाण्डका लागि छुट्याइएको कुरा मनिषिहरूले बताएका छन् । शुक्ल यजुर्वेदको माध्यन्दिनीय शाखाको ४० अध्यायमा १९७५ मन्त्र उपलब्ध छन् (गौड, २०१५, शुक्ल यजुर्वेद संहिता पृ. २ र ३) ।

कर्मकाण्ड सर्वसाधारण सबैको पहुँच रहेको धार्मिक अभ्यास मानिन्छ । वेदान्त आदि ब्रह्मविद्याको साधनाको तहमा एकैपटक पुग्न कठिन रहेको छ। सुख, शान्ति, आनन्द र मोक्षप्रति सबै मानिस लालायित हुन्छन्। यी गहन कुरा सहज प्राप्त हुन सक्दैनन् । धर्म अध्यात्मको विराट फाँटमा प्रवेश गर्ने सहज बाटो कर्मकाण्ड हो भन्न सकिन्छ । कर्मकाण्ड पछिल्ला वर्षहरूमा राजनीति र कथित प्रगतिशील विचारधाराको सिकार, प्रहार, आलोचना र उपेक्षाको विषय बनेको छ ।

*यज्ञदानतपः कर्म न त्याज्यमिति चापरे* (गीता अध्याय १८ मन्त्र ३) अर्थात् कर्मकाण्ड यज्ञ पूजा धार्मिक अनुष्ठान त्याग गर्नु हुंदैन भनेर श्रीमद्भगवद्गीतामा भनिएको छ। गीताले निस्काम कर्मयोगको भव्य वकालत गरेको छ। पूर्वीय दर्शनमा कामदा र मोक्षदाको रूपमा कर्मको महिमा सर्वोच्च छ। मुमुक्षुले निष्काम कर्मद्वारा नै मुक्ति प्राप्त गर्न सक्छ भन्ने मान्यता रहेकोले प्रत्येक मानवका निमित्त कर्मशील या उद्यमशील हुनका लागि कर्मकाण्ड प्रेरणाको आधार हो भन्ने कुराको ज्ञान धर्मशास्त्र अध्ययनबाट पाइन्छ । कर्मकाण्डको शास्त्रीय र व्यवहारिक महिमालाई सुदृढ ढङ्गले स्थापना गराउन वर्तमान युगमा कर्मकाण्डप्रतिको बुझाइ वहुआयामिक र यथार्थपरक हुनुपर्ने आवश्यकता देखिन्छ ।

कर्मकाण्डमा आधारित सेवा, उद्यम र उत्पादनमा लाखौं मानिसको रोजगारी र आर्थिक उपार्जनसमेत जोडिएको छ । धार्मिक कर्मकाण्डलाई आर्थिक आयामले पनि महत्त्वसाथ हेर्न सकिन्छ । यसर्थ यो सांस्कृतिक अध्ययनको विषयमात्र पनि होइन । कर्मकाण्ड र यज्ञ अनुष्ठानको विराट अध्ययन क्षेत्रमा यो लेख चञ्चुप्रवेश (पाकेको मीठो फलमा चराले पहिलोपटक आफ्नो चुच्चोले ठुँगेजस्तो) मात्र हो। यसबाट नेपाली संस्कृतिको एउटा गहन पक्षको विषय प्रवेश भएको छ ।

नेपालमा युगौयुगदेखि सनातन धर्मको अभ्यास निरन्तर हुँदै आएको छ। सनातन धर्मको मूलग्रन्थ वेदमा ज्ञान, उपासना र कर्म मुख्य तीन प्रधान काण्ड उल्लेख छन्। वेदका तीनकाण्डमध्ये कर्मकाण्ड विषयको अभ्यास र साधना निरन्तर हुँदै आएको छ। तर पनि कर्मकाण्ड विषयतर्फ नयाँ पुस्ताको आकर्षण छैन। कर्मकाण्डप्रति समाजको सम्मान छैन। कर्मकाण्डले नेपाली संस्कृतिको अमूर्त पक्षको वृहत् क्षेत्रलाई वहन गर्दै आएको छ। अमूर्त साँस्कृतिक सम्पदाको संरक्षण गर्नुपर्ने हाम्रा राष्ट्रिय साँस्कृतिक नीति तथा कार्यक्रम बनेका पनि छन्। तथापि कर्मकाण्डप्रति राजनीतिक एवम् सामाजिक दृष्टिकोण सकारात्मक रहेको देखिदैन। यदाकदा कतिपय अन्य विषयमा अभिव्यक्ति दिंदा नकारात्मक अर्थमा "कर्मकाण्डी पारा" भनेर कर्मकाण्डलाई आलोच्य विषय बनाएको पाइन्छ। कर्मकाण्ड अभ्यासमा संलग्न व्यक्तिहरूको व्यवहारिक कमजोरीले पनि कर्मकाण्डप्रति प्रश्नहरू उठ्ने गरेको देखिन्छ। यिनै विविध विषयलाई केन्द्रमा राखेर यस अध्ययनले वैदिक सनातन धर्ममा कर्मकाण्डको शास्त्रीय मान्यता के कस्तो रहेको छ ? नेपाली अमूर्त सांस्कृतिक सम्पदाको रूपमा यज्ञ अनुष्ठान र कर्मकाण्डको महत्त्व के कस्तो रहेको छ ? यज्ञानुष्ठानादि कृत्य र कर्मकाण्डसँग सम्वन्धित धार्मिक, आध्यात्मिक, सांस्कृतिक, सामाजिक, आर्थिक, लैङ्गिक विषय के कस्ता रहेका छन् ? जस्ता अनुसन्धान प्रश्नहरू उठान गरेको छ ।

## अध्ययनको उद्देश्य

सनातन धर्ममा वैदिक यज्ञानुष्ठानादि कृत्य र कर्मकाण्ड सम्बन्धमा रहेका शास्त्रीय मान्यता खोजी गर्नु।
नेपाली संस्कृतिमा कर्मकाण्डको महिमा खोजी गर्नु ।

यज्ञानुष्ठानाआदि कृत्य र कर्मकाण्डसँग सम्वन्धित धार्मिक, आध्यात्मिक, सांस्कृतिक, सामाजिक, आर्थिक र लैङ्गिक विषय पहिचान गर्नु

## अनुसन्धान विधि

यो लेख विश्लेषणात्मक र विवरणात्मक ढाँचामा तयार पारिएको हो । यसमा प्राथमिक तथा द्वितीयक दुबै सूचना र तथ्याङकहरूको संकलन र विश्लेषण गरिएको छ । प्राथमिक सूचनाका लागि अनुसन्धानकर्ता लक्षहोम महायज्ञ, कोटिहोम महायज्ञ, विवाह व्रतबन्धादि संस्कार, धार्मिक कृत्य, यज्ञानुष्ठान, श्राद्धकर्म, अन्त्येष्टिकर्म, तीर्थस्थल भ्रमण र अवलोकनमा सहभागी भइ आवश्यक सूचना संकलन गरिएको हो । साथै पण्डित, पुरोहित, ज्योतिष, लामा र कर्माचार्यहरूसंगको अन्तर्वार्ताका माध्यमबाट प्राथमिक तथ्याङ्क संकलन गरिएका छन् । द्वितीयक तथ्याङ्कका लागि वेदादि शास्त्रहरूको अध्ययन, पुराण प्रवचन क्रममा गरेका अध्ययन र टिपोट, धर्मसिन्धु, निर्णयसिन्धु, मनुस्मृति, याज्ञवल्क्यस्मृति, श्रीमद्भगवद्गीतालगायतका ग्रन्थहरूको अध्ययन गरिएको छ ।

## अध्ययनको नतिजा एवम् छलफल

प्राथमिक तथा द्वितीयक तथ्याङ्क संकलन र विश्लेषण गरी यस अनुसन्धानात्मक लेखमार्फत सनातन धर्मको प्रमुख ग्रन्थ वेदका वचन अनुसार कर्मकाण्डको अभ्यास हुँदै आएको विषय उपस्थापन गरिएको हो । नेपाली अमूर्त सांस्कृतिक सम्पदामा यज्ञानुष्ठान कृत्य र कर्मकाण्ड अभिन्न अङ्ग रहेको विषय प्रस्तुत गरिएको छ । यस लेखको माध्यमद्वारा कर्मकाण्ड र यज्ञानुष्ठानादि कृत्यसँग नेपालको धार्मिक, आध्यात्मिक, सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक र अन्य क्षेत्रको प्रत्यक्ष र परोक्ष सम्वन्धहरू उपस्थापन गरिएका छन् । कर्मकाण्ड रुढीवाद र त्याज्य विषय होइन ; यसको वहुआयामिक महिमा छ भन्ने विषय उपस्थापन गर्ने प्रयास गरिएको छ। समग्रमा तलका शीर्षकहरुमा अध्ययनको नतिजा र छलफल प्रस्तुत गरिएको छ ।

### कर्मकाण्ड र यज्ञसम्वन्धी अवधारणा

कर्म र काण्ड दुई शब्दहरूको संयोजनबाट कर्मकाण्ड शब्द बनेको छ। सम्पादन गरिने काम कर्म हो । ती कार्यहरूको समूह, शाखा, हाँगा र विभागलाई काण्ड भनिन्छ। *यत्क्रियते तत् कर्मः । कर्त्तुः क्रियया यद्व्याप्यते तद्वा क्रियाव्याप्यं कर्म्मेति केचित् ।*(देव, २०२४, पृ. ४१८) अर्थात् कर्ताद्वारा जुन कार्य गरिन्छ त्यो कर्म हो। *यानि कृयमाणानि अनुष्ठेयानि कर्माणि तेषां कर्मणा काण्डः समूह एव कर्मकाण्ड शब्देनोच्यते* (ढकाल, २०६८, पृ. २) अर्थात् कृयमाण यज्ञानुष्ठानादि कर्महरू र तिनीहरूको समूहलाई कर्मकाण्ड शब्दले बुझाइन्छ। यसर्थ कर्मकाण्ड र अनुष्ठानादि धार्मिक कृत्यलाई एकै अर्थमा बुझ्न सकिन्छ। शास्त्रीय र व्यवहारिक दृष्टिमा पनि कर्मको विभाग र समूह कर्म्मकाण्ड हो । व्रतादि उपासना मानिन्छन् र तज्जन्य क्रियाकलाप कर्मकाण्ड मानिन्छ ।

संस्कृतको यज् धातुमा नङ् प्रत्यय लागेर यज्ञ शब्द बन्दछ (पाणिनीय सूत्र ३/३/९०) । *यजनं इन्द्रादिदेवानां पूजनं सत्कारभावनं यज्ञ : इज्यन्ते पूज्यन्ते देवा अनेनेति यज्ञः* अर्थात् इन्द्रादि देवताहरूको पूजा सत्कार वा यजन गर्नु यज्ञ हो । यज्ञकर्मका लागि विभाग गरिएको यजुर्वेदमा यज्ञलाई श्रेष्ठतम कर्म भनिएको छ । *ॐ इषेत्वा .... श्रेष्ठतमाय कर्म्मणः यजमानस्य पशून् पाहि* (शुक्ल यजुर्वेद अध्याय १ मन्त्र १) । *अग्निमीडे पुरोहितं यज्ञस्य देवमृत्विजम् । होतारं रत्नधातमम्* । (ऋग्वेद सूक्त १ मन्त्र १) अर्थात् यज्ञद्वारा देवता, अग्नि, पुरोहित र ऋत्विगलाई अमूल्य रत्न प्राप्त हुने संकेत गरिएको छ । *वेदोखिलो धर्ममूलम् ।* वेद सबै धर्मको मूल या मुहान हो । *वेदो प्रणिहितो धर्मः ह्यधर्मो तद्विपर्यय* :(मनुस्मृति ।

वेद अनुकुलका कार्य धर्म हुन भने वेद विपरीतका कार्य अधर्म हुन् भन्ने मनुको वचन रहेको छ । वेदमा अनुवाक् सूत्र या मन्त्रहरूद्वारा यज्ञकर्मको विशद चर्चा पाइन्छ । कृष्ण द्वैपायनले सिंगो वेदबाट यज्ञ र कर्मकाण्डका लागि यजुर्वेदको विभाग गरेका छन् । र्नुभएको हो यसर्थ यज्ञ कर्मकाण्ड हो । कर्मकाण्ड पनि यज्ञ नै

हो (गौड, २०१५, पृ. ५) । द्घापूर्वक मन्त्रद्वारा देवगणका लागि यज्ञीय द्रव्यको त्याग नै यज्ञ हो । *यज्ञो वै श्रेष्ठतमं कर्म* अर्थात् यज्ञ नै श्रेष्ठतम कर्म हो । *विष्णोः वै यज्ञः* विष्णु अर्थात् व्यापक यज्ञ हो । *अग्निर्वै यज्ञः* अग्नि नै यज्ञ हो (गौड, १९४४, पृ. २,३,४) ।

## यज्ञका भेद एवम् स्वरूप

श्रीमद्भगवद्गीतामा गुणका आधारमा सात्विक, राजस र तामस यज्ञ ३ प्रकारका यज्ञ उल्लेख छ (गीता अध्याय १७ श्लोक ११,१२,१३) ।यज्ञको प्रकृतिअनुसार द्रव्ययज्ञ, तपयज्ञ, योगयज्ञ, स्वाध्याययज्ञ, ज्ञानयज्ञ, दैवयज्ञ, ब्रह्मयज्ञ, ध्यानयज्ञ र विषययज्ञलगायतका यज्ञको चर्चा गीताले गरेको छ । सनातन धर्ममा कर्मलाई विभिन्न प्रकारले छुट्याएर हेरिएको पाइन्छ । श्रुति र स्मृतिका आधारमा कर्मलाई श्रौत कर्म र स्मार्त कर्ममा बाँडिएको छ । यस्ता कर्म निर्देशनका लागि विभिन्न श्रौतग्रन्थ, स्मृतिग्रन्थ सूत्रग्रन्थहरू रहेका छन् । श्रुति अर्थात् वेदमा आधारित यज्ञ श्रौतयज्ञ हुन् स्मृतिमा आधारित स्मार्तयज्ञ यज्ञ हुन् । श्रुति अन्तर्गत अग्निहोत्र यज्ञ, दशपौर्णमास यज्ञ, चातुर्मास्य यज्ञ, पशुयज्ञ र सोमयज्ञ पर्दछन् । स्मृतिमा आधारित स्मार्त यज्ञमा औपासन , वैश्वदेव, पार्वण, अष्टका, मासिक श्राद्ध, श्रवणा र शूलगव यी सात पाकयज्ञ पर्दछन् साथै अग्निहोत्र, पौर्णमास, आग्रायण, चातुर्मास्य, निरुढ पशुबन्ध हर्विहोम यी सात हविर्यज्ञ पर्दछन् (गौड, १९४४, पृ. ७) श्रौत र स्मार्त यज्ञका अधिकांश स्वरूप अहिले लोप भैसकेका छन् । व्यवहारमा अहिले यदाकदा पाकयज्ञ र लौकिकयज्ञ सम्पादन भएको पाइन्छ ।

डा. स्वामी प्रपन्नाचार्यअनुसार वेदमा भएका मन्त्रलाई ज्ञानकाण्ड, उपासनाकाण्ड र कर्मकाण्ड गरि तीन भागमा विभाग गरिएको छ । जम्मा एकलाख सूक्तानुवाकमध्ये ९६ हजार मन्त्रले कर्मकाण्ड र यज्ञका बारेमा विशद चर्चा परिचर्चा गरेका छन् । ज्ञानकाण्डका लागि चार हजार मन्त्र मात्र परेको छ । सबैभन्दा धेरै मन्त्रहरू गृहस्थीका कर्ममार्गलाई छुट्याइएका छन् (ढकाल, २०६८, पृ. २) । कर्ममार्ग अर्थात् कर्मकाण्ड सजिलो र सर्वसुलभ मार्ग मानिन्छ । आम सर्वसाधारण सबैको पहुँचमा रहेको मार्ग कर्ममार्ग हो । सामान्य चेतना र अवस्थाको मानिसले पनि कर्मद्वारा आफ्नो साधनाको बाटो समाउन सक्छ । कर्ममार्गभन्दा उपासना र ज्ञान मार्ग क्रमश जटिलतम र श्रेष्ठतम मार्ग हुन् । श्रेष्ठतम मार्ग भएर पनि तिनमा आमसर्वसाधारण सजिलै प्रवेश गर्न सक्दैनन् । श्रेयमार्ग कठिन मार्ग पनि हुन् । स्थूलभन्दा सूक्ष्मतत्त्व त्यस्तै जटिल र शक्तिशाली हुन्छ जस्तो पानी भन्दा विद्युत शक्तिशाली हुन्छ । पानीको मन्थन कर्मकाण्ड हो । विद्युतीय उर्जा ज्ञानकाण्ड मानिन्छ । दाउराको मन्थन कर्मकाण्ड हो । त्यसभित्र लुकेको अग्नि बाहिर आउनु ज्ञानकाण्ड मानिन्छ ।

*नित्यनैमित्त्यकाम्यप्रायश्चित्तनिषिद्धभेदात् । तत्र आद्यानि चत्वारि धर्म्म्याणि । अन्त्यं अधर्म्म्यम्* (देव, २०२४, पृ(४१८) अर्थात् कर्मका स्वरूप र प्रयोजनका आधारमा सनातन धर्ममा कर्मलाई नित्य, नैमित्तिक, काम्य, प्रायश्चित र निषिद्ध कर्म भनेर पाँच भागमा बाँडिएको छ । यसैगरी नित्यकर्ममा नित्य पञ्चमहायज्ञ, नैमित्तिक कर्मका नैमित्तिक यज्ञ र काम्य कर्मका काम्य यज्ञ शास्त्रमा व्यवस्थित छन् ।

**नित्यकर्म र यज्ञ** : दैनिक रूपमा गरिने शौच, स्नान, सन्ध्योपासना नित्य कर्म हुन् । स्वाध्याय, ब्रह्मयज्ञ, पितृयज्ञ, मनुष्ययज्ञ (अतिथिसेवा) र भूतयज्ञ (बलिवैश्वदेव) गृहस्थहरूका लागि छाड्नै नमिल्ने वा रोक्न नमिल्ने कर्म हुन् । यी कर्मलाई मनुष्य जीवनरूपी रुखको जरा र फेद भनिएको छ । नित्यकर्म गरिएन भने मानव जीवन जरा नभएको रुख जस्तै हुन्छ भनिएको छ । जरा छिनालेपछी न हाँगा बाँच्न सक्छ न पात नै । नित्यकर्म सम्पादन नगरी अगाडिका अरु कर्म गर्ने गराउने अधिकार पनि नरहने विषय आर्ष परम्पराको मान्यता छ ।

**नैमित्यिक कर्म र यज्ञ** : आफूले अरुका निमित्त गराइदिने कर्महरू नैमित्तिक कर्म हुन् । यस्ता कर्मको समूह नैमित्तिक कर्मकाण्ड हुन । नामकरण, चुडाकर्म, उपनयन, अन्त्यकर्म काजकिरिया, एकोद्दिष्ट महालय आदि

श्राद्ध आदि कर्म नैमित्ति्क कर्मकाण्ड अन्तर्गत पर्दछन् । यस्ता कर्महरू यज्ञकै स्वरूप हुनाले नैमित्तिक यज्ञका रूपमा समेत परिचित छन ।

**काम्य कर्म र यज्ञ** : कुनै कामनावश वा संकल्पले आयोजना गरिएका कर्महरू काम्यकर्म र तत्सम्बन्धी अभ्यास कर्मकाण्ड हुन् । कामनासहित गरिएका यज्ञहरू काम्य यज्ञ हुन् । प्रजा या सन्तान प्राप्तिका लागि, रोग महामारी निवारणका लागि, लक्ष्मी प्राप्तिको लागि, राज्य विस्तारका लागि, ग्रह शान्ति र विश्व शान्तिका लागि साथै आफ्ना सकारात्मक उद्देश्य प्राप्तिका लागि यज्ञ गरिन्छ भने त्यस्ता यज्ञ काम्य यज्ञ अन्तर्गत पर्दछन् । राजा जनकद्वारा पुत्रको कामनाले गरिएको पुत्रेष्टी काम्ययज्ञ रामायणमा उल्लेख छ (अध्यात्म रामायण बालकाण्ड तृतीय सर्ग ५,६,७) ।

**प्रायश्चित कर्म** : मानव जीवनमा अन्जानमा कायिक, वाचिक र मानसिक पाप वा दुष्कार्य हुन गएको अवस्थामा दुष्कर्मप्रति पछुतो लागेर त्यस्ता पापबाट निवृत हुन शास्त्रीय विधिपूर्वक गरिने कर्मलाई प्रायश्चित कर्म भनिन्छ । प्रायश्चित कर्मअन्तर्गत दशविधस्नान, ब्रह्महत्यादि पञ्चमहापातक प्रायश्चित, प्रायश्चित गौदान, चान्द्रायण व्रत आदि कर्मकाण्ड पर्दछन् ।

**निषिद्ध कर्म** : शास्त्रले वर्णअनुसार विहित र निषेध कर्मको विभाजन गरिदिएको छ । शास्त्रमा विभिन्न कर्महरू मानवले गर्न हुंदैन भनेर निर्देश गरिएका छन् । अर्थात् शास्त्रले गर्न निषेध गरिएका कर्महरू निषिद्ध कर्म समूहमा पर्दछन् । नित्यकर्म नैमित्त्यिक कर्म काम्यकर्म र प्रायश्चित कर्म गर्नुपर्ने भएकोले तिनका कर्मकाण्ड पद्धति बनाइएको छ भने निषिद्ध गर्नुनहुने कर्म भएकोले पद्धतिको आवश्यकता रहेन ।

## यज्ञको उत्पत्ति, उद्देश्य र महत्त्व

*सहयज्ञाः प्रजाः सृष्ट्वा पुरोवाच प्रजापतिः । अनेन प्रसविष्यध्वमेष वो स्त्विष्टकामधुक् ॥* (गीता ३/१०) अर्थात् प्रजापति ब्रह्माले सृष्टिको सुरुमा मानिस देवता र यज्ञहरूको संगसंगै सृष्टि गर्नुभयो र भन्नुभयो कि यज्ञद्वारा तिमीहरूले बाँचिन्जेल चाहिने बस्तुहरू र अन्त्यमा मोक्ष प्राप्त गर्नेछौ । यज्ञ कामना पूरा गर्नेवाला हुन्छ । हिरण्याक्षबाट पृथ्वीको उद्धार गर्न भगवान विष्णुले वराह अवतार लिनुभयो । समुद्रमा डुबेकी पृथ्वीलाई बाहिर ल्याइसकेपछी तिनै बराहस्वरूप भगवानको शरीरबाट १००८ किसिमका यज्ञहरू प्रकट भएका हुन् भन्ने वचन कालिका पुराणमा वर्णित छ (ालिका पुराण अध्याय ३२ मन्त्र ९-२७) । *यज्ञधिष्टासिनः सन्तो मुच्येन्ते सर्वकिल्बिषैः । भुञ्जन्ते ...* गीता ३/१३ अर्थात् यज्ञ सम्पादन गरेर अवशिष्ट भोजन गर्दा सबै पापबाट छुट्कारा मिल्छ तर यज्ञ नगरी खाएमा भोजन नभएर पाप खाइन्छ । *यज्ञेन लोका विमला विभान्ति* अर्थात् यज्ञले दुनियाँ निर्मल भएर प्रकाशित हुन्छन् । *यज्ञेन देवा अमृतत्त्वमाप्नुयु* अर्थात् यज्ञबाट देवताहरूले अमृत प्राप्त गर्दछन् । यज्ञेन पापैर्वहुभिर्विमुक्त अर्थात् अनेकौं पापहरूबाट यज्ञले मुक्त बनाउँछ । *प्राप्नोति लोकान् परमस्य विष्णोः।* अर्थात् लोकले यज्ञबाट परम विष्णुलोक प्राप्त गर्दछन् (गौड १९४४ पेज ५)

*पुत्रार्थी लभते पुत्रान् धनार्थी लभते धनम् भार्यार्थी शोभना भार्या कुमारी च शुभं पतिम् । भ्रष्ट राज्यस्तथा राज्यं श्रीकामः श्रीयमाप्नुयात् । यं यं प्रार्थयते कामं सर्वे भवति पुस्कलः । निष्कामः कुरुते यस्तु सः परं ब्रह्म गच्छति* (मत्स्य पुराण ९३/ ११७/११९) । अर्थात् विधिपूर्वक गरिएको यज्ञबाट सन्तान नहुनेलाई सन्तान, विवाह नभएको कुमारीलाई असल पति, राज्यच्युत भएकोमा राज्य, धन चाहनेलाई धन , जे कामना गरिएको छ सो कामना पूरा हुन्छ । निष्काम यज्ञ गरिएको छ भने परब्रह्म परमात्माको साक्षात्कार हुन्छ ।

*यज्ञेन हि देवा दिवंङ्गता यज्ञेनसुरानपानुदन्तः । यज्ञेन द्विषन्तो मित्रा भवन्ति यज्ञ सर्वं प्रतिष्ठितम् । तस्मात्यज्ञं परमं वदन्ति ।* अर्थात् यज्ञले देवताहरूमा दिव्यता दिन्छ यज्ञले एक अर्काको द्वन्द्व वा द्वेष समाप्त गरिदिन्छ र मित्रता गराइन्दिन्छ भनेको छ (महानारायणोपनिषद ७९ अनुवाक मन्त्र ६) यज्ञले प्राकृतिक सन्तुलन कायम गर्छ । वातावरण शुद्धता गर्छ । यज्ञले विश्व शान्ति प्रदान गर्दछ । यज्ञले देवलोक अन्तरीक्ष, पृथ्वीलोक,

जलसम्पदा, वनस्पति एवं औषधहरूलगायत सर्वत्र शान्ति स्थापना गराउँछ भन्ने वेदमा द्वादश शान्तिका मन्त्रहरूको प्रयोग प्रष्ट पार्दछन् । यज्ञले देवताहरूलाई पुष्टि र पितृहरूलाई तृप्ति गराउँछ (रुद्राष्टाध्यायी शान्त्याध्याय) ।

*यज्ञात् भवति पर्जन्यो पर्जन्यादन्नसम्भवः । अन्नाद्‌भवन्ति भूतानियज्ञः कर्मसमुद्‌भवः ।* (श्रीमद्‌भगवद्‌गीता ३/ १४) अर्थात् यज्ञबाट राम्रो वर्षा हुन्छ वर्षाबाट बालीनाली खेतीपाती राम्रो भएर अन्न उत्पादन बढ्छ । अन्न राम्रोसँग फलेमा मानिसलगायत प्राणीहरूको अस्तित्व रहन्छ । त्यसै भएर सबै कर्महरूको उत्पत्ति यज्ञमा अडेको छ भन्ने कुरा श्रीमद्‌भगवद्‌गीतामा उल्लेख गरिएको छ ।

*कर्मब्रह्मोद्‌भवं विद्धी ब्रह्माक्षरसमुद्‌भवम् । तस्मात्सर्वगतं ब्रह्म नित्यं यज्ञे प्रतिष्ठितम् ।* (गीता ३/१५)। कर्मबाट नै ब्रह्मतत्त्वको ज्ञान हुनजान्छ । कर्ममार्गबिना ज्ञानको यात्रा असम्भव छ । ब्रह्मज्ञानको जगको रूपमा यज्ञकर्मलाई प्रतिष्ठित गरिएको छ । उपनिषद् ग्रन्थले मानिसलाई कर्म गरेर बाँच्न प्रेरणा दिएको छ ।

*कुर्वन्नेवेह कर्माणि जिजीविषेच्छतं समाः । एवं त्वयि नान्यथेतोस्ति न कर्म लिप्यते नरः* - ईशावास्योपनिषद (गिरी २०७३ पेज २७) अर्थात् संसारमा सय वर्षसम्म बाँच्ने जिजीविषा भएका मानवहरूले कर्म गरेर बाँच्नुपर्छ । कर्मबाहेक अर्को कुनै उपाय छैन । निष्काम कर्म गर्न खोज्ने मानिसलाई कर्म मोहले ग्रस्त बनाउन सक्दैन ।

## यज्ञको ऐतिहासिक पक्ष

मानव विकासको विभिन्न कालखण्डलाई हेर्दा विभिन्न गुफाहरूको उत्खननबाट प्राप्त नव पाषाण कालका मानव जीवास्मावशेष र उनीहरूले प्रयोग गरेका सामग्री संगै पाइएका वस्तुका आधारमा मृत्यु संस्कार र तत्सम्वन्धी प्रारम्भिक कर्मकाण्डको स्वरूप नवपाषाण कालदेखि विकास हुँदै आएको हो भन्न सकिन्छ । पुरातात्विक प्रमाणका आधारमा सिन्धु सभ्यताकालदेखि देवीदेवताको मूर्त स्वरूपको परिकल्पना र ईश्वरीय चिन्तन रहेको पाइन्छ । मोहेनजोदाडोको उत्खननबाट प्राप्त भएका नारी मूर्ति र माटाका चक्कीहरूमा शिवलिङ्गको स्वरूप अंकित भएको पाइएको छ (पराजुली २०८० पृष्ठ २) यसले वैदिक कालपूर्वदेखि नै यज्ञ र कर्मकाण्डको प्रारम्भिक स्वरूप बनिसकेको अनुमान लगाउन सकिन्छ ।

ऐतिहासिक प्रामाणिक कालको अध्ययन गर्दा नेपालको काठमाडौ उपत्यकामा प्राप्त भएका इसाको पहिलो दोस्रो शताब्दीदेखिका मूर्तिहरूको अध्ययनबाट नेपालमा देवपूजा, यज्ञ र कर्मकाण्ड संस्कृति प्राचीन कालदेखि नै थियो भन्न सकिन्छ । संवत् ३८६ को मानदेवको चाँगु अभिलेखमा उनका पिता धर्मदेवलाई असल पशु भएको यज्ञद्वारा देवताहरूको पूजा गरेको भनिएको छ । अभिलेखमा मानदेवले मेरा पिताले असल र अग्ला मौलाहरूले पृथ्वीलाई सिंगार्नुभएको भनिएको छ ।

*ईजेसत्पशुभिः सुराननुगुणैः सम्पन्नमन्त्रर्द्धिभिः । यज्ञैः कर्म्म विशुद्धदेहहृदयश्चन्द्रद्युतिः पार्थिवः* बज्राचार्य २०३० पृष्ठ ११) कतिपय विद्वानहरूले माथिको अभिलेखीय विवरणका आधारमा धर्मदेवलाई यज्ञप्रधान वैदिक धर्मका उपासक राजाका रूपमा उल्लेख गरेका छन् (पन्त, २०३१, पृ. २५०-२६५) धेरै मौला अर्थात् युपहरू स्थापना गरेकाले धर्मदेवका समयदेखि नै ललितपुरलाई युपग्राम भनिएको हो (रेग्मी, २०५३, पृ. २६) राजा मानदेवले चाँगु नारायणमा गरुडध्वज राखेको र आमा सहित भएर यज्ञमा ब्राह्मणहरूलाई दान गरेको प्रसंग धनबज्र बज्राचार्यको लिच्छवि अभिलेख संग्रहमा परेको छ (बज्राचार्य, २०३०, पृष्ठ १३) राजा मानदेवमा सत्ययुगमा वलिराजाले गरेको अश्वमेध यज्ञको प्रभाव परेका कारण वलिराजाको यज्ञस्थल र वामनको अवतरण कथा झल्कने त्रिविक्रम वामन मूर्ति समेत निर्माण गराइ आमाको पुण्यका लागि गरेको भन्ने वचन पारेर अभिलेख राखेका थिए (बज्राचार्य, २०३०, पृ. ३६) । मानदेवले मात्रै होइन मानदेवका रानीहरू गुणवती, क्षेमसुन्दरी र मानदेवकी छोरी विजयावतीसमेतले धार्मिक कार्य गरेका प्रसंग बज्राचार्यको लिच्छवि अभिलेखहरूमा परेका छन् (बज्राचार्य, २०३०, पृ. ३९, ६५, ८३) । वसन्तदेवको संवत् ४२८ को थानकोट अभिलेखमा दूतक याज्ञिक विरोचन गुप्तको

नाम उल्लेख रहेकोले त्यसबेला यज्ञ गराउने याज्ञिक उपाधी प्राप्त व्यक्तिको गौरव र सामाजिक मर्यादा उच्च रहेको थियो (बज्राचार्य, २०३०, पृ. ९२)

लिच्छविकालका राजाहरू शिवदेव, अंशुवर्मा जिष्णुगुप्त जस्ता शासकहरुले निर्माण गरेका धेरै मन्दिर हरूको प्राणप्रतिष्ठा यज्ञ कर्मकाण्ड आदि निश्चय नै भएका थिए । नेपालमा भएका प्राचीन र मध्यकालका ऐतिहासिक पुरातात्विक जस्ता भौतिक धार्मिक सम्पदाहरू छन् । ती सबै धार्मिक भावले जोडिएर निर्माण भएका थिए । तिनीहरूको निर्माणमा यज्ञ, अनुष्ठान, पूजा र कर्मकाण्ड कुनै न कुनै रूपमा जोडिएको थियो । संस्कृत भाषाको प्राधान्य रहेको लिच्छवि काल धार्मिक रूपमा पनि स्वर्णकाल थियो भन्ने सन्दर्भलाई पुष्टि गर्ने अभिलेखीय प्रमाण धेरै छन् ।

लिच्छविकालमा रहेको गोष्ठीको व्यवस्था अन्तर्गत धार्मिक कार्यका लागि बादित्र गोष्ठीले चाडपर्व यात्रा र मन्दिरमा बाजाको व्यवस्था मिलाउँथ्यो । ध्वजगोष्ठीले ध्वजापताकाको, प्रदीप गोष्ठीले बत्तिको , धूपगोष्ठीले धूपको, तैतरीय शाखा गोष्ठीले वेद पठनपाठनको ,बासुदेव ब्रह्माण्ड गोष्ठी र इन्द्र गोष्ठीले देवताको विशेष पूजा र अनुष्ठान गर्ने गराउने व्यवस्था थियो (क्षेत्री, २०८०, पृ. १५१) ।

मध्यकाल तन्त्रसाधना, मन्त्रसाधना, पूजा र कर्मकाण्डमा झन् धेरै विकास भएको ऐतिहासिक कालखण्ड हो । त्यसका असंख्य प्रमाण अभिलेखहरूमा सुरक्षित रहेका छ्न । मध्यकालमा भक्तपुरका राजा भूपतिन्द्र मल्लले पाँचतले मन्दिर बनाएर कोट्याहुती अर्थात् कोटिहोम आयोजना गरेको सानो प्रसंग यहाँ प्रस्तुत गरिएको छ ।

*ने सं ८२२ जेष्ठ शुक्ल नवमी तिथिका दिन स्वयं राजा श्री श्री भूपतिन्द्र मल्लको यजमानत्वमा होता ब्राह्मणहरू श्री चक्रराज श्री जोतिराज श्री लक्ष्मीराज श्री रुद्रराज श्री शम्भूराज श्रीकृष्णराज श्री पुरराज श्री उमापतीराज श्री आनन्दराज श्रीकुतु श्री हेमराज श्री नन्दराज श्री विश्वराज र श्री कुलराज समेतले जम्मा ११०२ मुठा सोही तिथिमा अग्निकुण्डमा स्थापना गरिएको अग्निमा आहूती दिएका थिए । सिद्धाग्नि कोट्याहुति यज्ञ र तान्त्रिक कर्मकाण्ड कृत्यहरू गर्दै सं ८२२ आषाढकृष्ण १२ शुक्रबारका दिन सिद्धाग्नि कोट्याहुति यज्ञ मण्डपमा पूर्णाहुति गरि कोट्याहुति यज्ञ पूर्ण समाप्त गरियो* (वैद्य, २०६१, पृ. ५५ र ५६) ।

पाटनका राजा सिद्दिनरसिह मल्लले पाटनमा २१ गजुरयुक्त श्रीकृष्ण मन्दिर बनाएर कोटिहोम महायज्ञ लगाएका थिए । उनले शत्रु विजय गरेर सीमा संरक्षण गरेको उपलक्ष्यमा चालीस दिनसम्मको विराट राजसूय यज्ञ आयोजना गरेको तण्डुलपर्वत र कल्पद्रुम दानसमेत गरेका ऐतिहासिक तथ्य पाइन्छ (क्षेत्री, २०८०, पृ२ ९४-२९५) । दरबार परिसरमा तलेजु भवानी महेन्द्रेश्वर महादेव, कोटिलिङ्गेश्वर राजा महेन्द्र मल्लको पालामा काठमाडौ धार्मिक यज्ञ अनुष्ठान र कर्मकाण्ड संस्कृति व्यवस्थित रहेको इतिहास छ (क्षेत्री, २०८०, पृ.३१५) । दरबार परिसरमा हनुमान मूर्ति स्थापना, प्रसिद्ध गुहेश्वरी मन्दिर, स्वयम्भू प्रतापपुर लगायत धेरै धार्मिक सम्पदा बनाउने काठमाडौका राजा प्रताप मल्लले गरेका विभित्र धार्मिक अनुष्ठान र तान्त्रिक यज्ञहरूको प्रसंग नेपाली इतिहासमा विभिन्न विद्वानहरूले लिपिवद्ध गरेका छन् (क्षेत्री, २०८०, पृ. ३२१, ३२२, ३२३) ।

राजा पृथ्वीनारायण शाहले नेपाल एकीकरणका क्रममा काठमाडौ उपत्यका विजय गरेपछि आधुनिक कालको शुरुवात मानिन्छ । गोरखनाथ र गोरखकालीका भक्त पृथ्वीनारायण शाहको देवी देवताप्रतिको सम्मान र झुकाव थियो । उनले सल्यानकोटकी देवीको उपासना गरेको , नुवाकोटकी भैरवीको सम्मान गरेको, नीलकण्ठ पशुपतिको दर्शन गरेको प्रसंग दिव्योपदेशमा उल्लेख छ । देवी देवताका खुब मानमनितो राख्ने उनले दैवी शक्ति र आफ्नो सैन्य योजनाको संयोजनबाट राज्य विजय गर्न सफलता मिलेको नरहरीनाथ योगी जस्ता विद्वानहरूको भनाइ छ (गौतम, २०५७, पृ. ३,४, १३) ।

शाहकालमा राजा रणबहादुर शाहकी महारानी त्रिपुरासुन्दरीले त्रिपुरेश्वर महादेव मन्दिर निर्माण गरेका प्रसंग इतिहासमा उल्लेख छ । श्री ३ जङ्गबहादुर राणाले थापाथलीमा कालमोचन र पशुपतिमा विश्वरूप मन्दिर बनाएको इतिहासमा उल्लेख छ । जङ्गबहादुरको छोरा जगतजङ्गले शंखमूलमा जगतनारायण मन्दिर बनाएर यज्ञ गरेको ऐतिहासिक साक्ष रहेको छ । यस्ता मन्दिर स्थापनासंगै प्राणप्रतिष्ठाका लागि लक्षहोम कोटिहोम जस्ता यज्ञ आयोजना हुन्थे । शिवालयहरूमा लघुरुद्री, महारुद्री,अतिरुद्री यज्ञ र देवीका शक्ति पीठमा शतचण्डी लक्षचण्डी जस्ता यज्ञअनुष्ठानहरू शाह र राणा शासनकालमा प्रशस्तै हुने गरेको ऐतिहासिक अभिलेखमा पाइन्छ । राणाकालमा विफर (शितला) जस्ता महामारी निवारण गर्न भनेर ठूला यज्ञहरू हुने गरेको इतिहास संस्कृतिका प्राध्यापक डा सन्ध्या पराजुलीको भनाइ रहेको छ ।

## सामाजिक एकता, सद्भाव र राष्ट्र शान्तिमा यज्ञ र कर्मकाण्डको योगदान

नारायण उपनिषद्ले यज्ञेन द्विषन्तो मित्रा भवन्ति भनेको छ। (महानारायणोपनिषद ७९ अनुवाक् मन्त्र ६) अर्थात् यज्ञद्वारा शत्रुता मित्रता स्थापित हुनु हो। समाजमा सामूहिक यज्ञ अनुष्ठान हुंदा सबैका बीचमा सहकार्यको भावना रहन्छ । विवाह व्रतबन्ध जस्ता संस्कार र कर्मकाण्डमा अरु समयको आपसी द्वन्द्वसमेत बिर्सिएर सघाउन जाने परम्पराले नेपाली सामाजिक एकता र सद्भावमा धेरै ठूलो योगदान भएको छ । यज्ञ अनुष्ठानबाट सामाजिक सहकार्य, राष्ट्रिय रूपमा परस्पर हित र शान्तिमा सहयोग पुगेको देखिन्छ । मर्दा र पर्दा आफन्त छरछिमेकी सबैको उपस्थिति र सहयोग हुनुपर्ने नेपाली संस्कृतिले सामाजिक एकता र सदभावमा सहयोग पुगेको देखिन्छ ।

## यज्ञ र कर्मकाण्डद्धारा मनोवैज्ञानिक उपचार

संसारका समस्त प्राणीहरू आनन्दको खोजीमा व्याकुल छन् । हृदय शान्त र सन्तुष्ट नभैकन सुखको अनुभूति हुन सक्दैन। गीताले *अशान्तस्य कुतः सुखम्* (श्रीमद्भगवद्गीता अध्याय २/६६ मन्त्र) अर्थात् अशान्तिमा कतैबाट सुख प्राप्त नहुने बताइएको छ । यज्ञ, कर्मकाण्ड र धार्मिक कृत्यले कर्ताको मनमा आत्मसंतुष्टिको भावना पैदा गर्दछ । देवता र पितृहरूलाई धार्मिक विधिपूर्वक पदार्थहरू समर्पण गर्दा कर्तालाई बेग्लै आनन्द प्राप्ति हुन्छ । यज्ञ अनुष्ठान सम्पादन हुँदा व्यक्तिमा निश्चय नै शान्ति र आनन्दको भाव सञ्चार हुन्छ । धार्मिक पूजा अनुष्ठान पर्व जात्राका साथै ,देवस्थल तीर्थस्थलमा हुने गतिविधिले मानिसको अन्तर हृदयमा एक खालको बेग्लै आनन्दज्योती जगाएको हुन्छ र दैनन्दिन कार्यक्षेत्रको बोझबाट हलुका भएको अनुभूति गराएको हुन्छ । मानिसभित्रको मानसिक अशान्ति, नैराश्य असन्तुष्टि , विरोधभाव, विद्रोहभाव र हीनभावको उपचार नै धार्मिक कृत्य र आध्यात्मिक गतिविधि हुन् । स्वास्थ्यका दृष्टिकोणले हेर्दा कर्मकाण्ड वा धार्मिक कृत्यहरू मनोबैज्ञानिक उपचार मानिन्छन् । मान्छेमा उत्साह उर्जा आत्मविश्वास भरोसा निर्भयता आदि मनोबैज्ञानिक पक्ष बलियो बनाउन धार्मिक कृत्यले योगदान पुऱ्याउन सक्छ ।

## यज्ञ र कर्मकाण्डमा नारी सम्मान र समावेशीकरण

सनातन धर्ममा कुनै पनि धार्मिक कृत्य पतिपत्नी सँगसँगै बसेर गर्नुपर्ने विधान छ । धार्मिक कार्य एकैसाथ गरिने भएकोले सनातन धर्मले पत्नीलाई धर्मपत्नी या सहधर्मिणीको मान्यता दिएको छ पति र पत्नी सँगसँगै बस्ने परिस्थिति नभएमा सुन वा कुशको प्रतिमा साथमा राखेर यज्ञादि कर्मकाण्ड संस्कार गर्नुपर्ने विधान छ । रामायणमा सीताको अनुपस्थितिमा श्रीरामले सुनको सीता प्रतिमा बनाएर सहधर्मिणीको स्वरूप प्रदान गरिएको थियो (रामायण उत्तर काण्ड) ।

देवकार्यमा पत्नीको स्थान दाहिने तर्फ रहने तीर्थयात्रामा पत्नीसँगै लैजानुपर्ने र पत्नीले श्राद्धको पिण्ड पायस पकाएर, पस्किएर दिने वा पिण्ड तयार गरेर दिने शास्त्रीय विधान र परम्परा रहदै आएको छ (श्राद्ध पारिजात) । पत्नीको अभाव र अनुपस्थितिमा यज्ञ कार्य गर्न नहुने , दुई पत्नी भएकोमा पहिलो विवाहित पत्नीलाई सहधर्मको अग्राधिकार रहने विधि रहेको छ । गृहस्थ जीवनको आधार नै पत्नी भएकोले *नगृहं*

*गृहमित्याहु गृहिणी गृहमुच्यते* (मनुस्मृति) अर्थात् पत्नी नभए घर घरजस्तो हुदैन भन्ने शास्त्रीय आधारबाट सनातन धर्ममा गृहस्थका लागि गृहिणीको स्थान निर्विकल्प रहेको पाइन्छ । यस्ता धार्मिक विधिविधानले नारीको अग्रणी स्थान सुरक्षित गरेको पाइन्छ । आधुनिक दृष्टिकोणमा नारी समावेशीकरण र सशक्तीकरणको मान्यता सनातन धार्मिक परम्परा, यज्ञ र कर्मकाण्डले उहिलेदेखि नै अनिवार्य सहभागिता गराउँदै आएको छ ।

### कर्मकाण्ड जीविकाको आधार

यज्ञ, कर्मकाण्ड र धार्मिक कृत्य गराउनका लागि आआफ्ना संस्कृति अनुसारका पण्डित, पुरोहित, लामा, गुभाजू, कर्माचार्य, जोशी, बिजुवा जस्ता धार्मिक गुरुहरूको आवश्यकता रहन्छ । त्यस्ता गुरुहरूलाई धार्मिक यज्ञ र कर्मकाण्ड सम्पादन गरेवापत भोजन, बस्त्र, दान र दक्षिणा अर्पण गर्नुपर्ने परम्परा छ । उनीहरूको जीविका यज्ञ र कर्मकाण्डमा प्राप्त अन्न तथा दक्षिणा र दानदातव्यमा निर्भर हुन्छ । विश्व हिन्दू महासंघको एक प्रतिवेदन अनुसार हाल नेपालमा करिब ५० हजार पण्डित पुरोहित कार्यरत रहेको पाइएको छ (विश्व हिन्दू महासंघ, २०७९) । नेपालमा मात्रै होइन भारत, अमेरीका, अष्ट्रेलिया, क्यानडा, बेलायतलगायत देशमा हिन्दू समाजका लागि नेपाली धार्मिक जनशक्ति कार्यरत रहेको देखिन्छ । धार्मिक गुरुहरू र परिवारको जीवन निर्वाहको आधार समेत कर्मकाण्ड पेशा बनेको छ । यस सन्दर्भले कर्मकाण्ड रोजगारी र जीविकाको आधार हो भन्ने पुष्टि गर्दछ ।

## कर्मकाण्ड र धार्मिक अर्थतन्त्र

धार्मिक कृत्य र कर्मकाण्ड सम्पादन गर्नका लागि विभिन्न सामग्रीहरू आवश्यकता पर्दछन् । जौ, तिल, तेल, घ्यु, दुग्धजन्य पदार्थ, मह, सखर, फलफूल, मिठाई, पूजा भाँडा, मूर्ति, लगायत हजारौं प्रकारका धार्मिक सामग्री उत्पादन र व्यापारबाट लाखौं मान्छेले रोजगारी र आर्थिक उपार्जनको अवसर पाएका छन् । यज्ञ, कर्मकाण्ड र धार्मिक अर्थतन्त्र अनुसन्धानको एउटा छुट्टै विषय शीर्षक बन्न सक्छ ।

धार्मिक अर्थतन्त्रमा ताम्र आदि धातुकला उद्योगबाट हुने आर्थिक गतिविधि, मठमन्दिरमा प्रयुक्त काष्ठकला उद्योग, दाची इट्टा उद्योग, कपडा उद्योग, धागो उद्योग, जनै उद्योग, नरिवल केरा सुपारी खेती, माहुरी पालन, पशुपालन, धान्यादि कृषि उद्योग जस्ता उत्पादनमुखी उद्योगले प्रत्यक्ष सम्बन्ध राख्दछन् । धार्मिक यज्ञ,चाडपर्व, विवाह व्रतबन्ध जस्ता संस्कारमा यातायात सेवा उद्योग लाभान्वित हुँदै आएको स्वयं यातायात व्यवसायी बताउँछन् । साउनको सोमबार, तीज, दशै तिहार छठ, माघी जस्ता पर्वहरूमा ट्याक्सी चालकको कारोबार वृद्धि हुने चालकहरूको प्रतिक्रियाबाट बुझ्न सकिन्छ । सिलाइ बुनाइ, गरगहना कारोबार , डालो, मान्द्रो, माटोका भाँडा, कपास वत्ती, अगरुबत्ती, बाटेको धूप, जस्ता वस्तुहरूको उत्पादन र बजारसँग यज्ञ, धार्मिक अनुष्ठान र कर्मकाण्डको सम्बन्ध छ ।

नेपालको भोजपुर संखुवासभा जस्ता रुद्राक्ष खेती भएका जिल्लाबाट वार्षिक चार अर्वको आर्थिक कारोबार हुने गरेको संखुवासभा रुद्राक्ष व्यवसायी संघका अध्यक्ष राजकुमार घिमिरेको भनाइ छ । काभ्रे जिल्लाको तेमाल भेगको आर्थिक मेरुदण्ड बोधिचित्त माला खेतीबाट वार्षिक करोडौंको कारोबार हुने गरेको बताइन्छ । नेपालमा तिहार, दीपावली, श्रीपञ्चमी जस्ता पर्वमा करोडौंको फूल व्यापार गर्छन् । सनातन धार्मिक आस्था, वैदिक यज्ञ अनुष्ठान, पूजा र कर्मकाण्ड नभए यी सबै उत्पादनको केही काम लाग्दैन । यसर्थ धार्मिक आस्था, अनुष्ठान र कर्मकाण्डबाट राष्ट्रिय अर्थतन्त्रमा धेरै ठूलो योगदान पुगेको छ ।

### फरक दृष्टि कर्मकाण्डका विकृति र चुनौती

वैदिक यज्ञ र कर्मकाण्ड संस्कृतिभित्र सकारात्मक पक्षहरू मात्र छैनन् । एक सिक्काका दुई पाटा नियाले जस्तै हरेक विषयलाई अर्को दृष्टिकोणबाट सन्तुलित रूपमा हेर्नुपर्दछ । नेपाली समाजमा विविध कारणबाट नास्तिकता बढ्दै गएको छ । नास्तिक दृष्टिकोणमा कर्मकाण्ड समयको बर्बादी, रुढीबादी र फजुल खर्च मात्रै

देखिन्छ। कर्मकाण्डका माध्यमले समाजका कथित उच्च वर्ग ब्राह्मण पण्डितहरूले आर्थिक दोहन गरिरहेको भन्ने आक्षेप पनि लाग्ने गरेको छ । कर्मकाण्ड र यज्ञ अनुष्ठानले समाजमा उच्चनिचको भावना र जातीय भेदभाव अहिलेसम्म निर्मूल हुन नसकेको भन्ने टिप्पणी सार्वजनिक सञ्चार माध्यममा यदाकदा आउने गर्दछ ।

निष्ठावान गुरु पुरोहित र यजमानको अशास्त्रीय व्यवहारले समेत यज्ञ र कर्मकाण्ड संस्कृतिप्रति नकारात्मक भावना वृद्धि हुँदै गएको देखिन्छ । यजमानमा निष्ठाको अभाव र गुरुहरूको अयोग्यताले यज्ञको प्रतिफल उपलब्धिमूलक हुनसकेको छैन । यज्ञ र कर्मकाण्डबाट शास्त्रले उल्लेख गरे अनुरूप फल प्राप्त नहुँदा आम जनमानसमा सनातन धर्मप्रति नै अनास्था बढ्ने खतरा देखिन्छ । वैदिक र पौराणिक कालका कतिपय सन्दर्भ अहिले युगसापेक्ष नहुँदा नहुँदै कर्मकाण्डले समाजलाई पश्चगमनतर्फ धकेलेको भन्ने दृष्टिकोणसमेत सार्वजनिक सञ्चार मार्फत बाहिर आएको छ। २०६३ मा धर्म निरपेक्ष राज्य घोषणापछि राज्यका तर्फबाट गरिने यज्ञ र कर्मकाण्डप्रति द्विविधा र अन्योल रहेको पाइन्छ। नयाँ राजनीतिक र सामाजिक परिवेशमा सनातन धर्मको महत्त्वपूर्ण स्तम्भ यज्ञपरम्परा र कर्मकाण्ड संस्कृतिलाई मौलिक स्वरूपमा बचाउदै लोककल्याणकारी कार्यमा पुनस्थापित गर्नु धार्मिक समाजको लागि चुनौतिपूर्ण काम भएको छ ।

## निष्कर्ष

याज्ञिक कार्य र कर्मकाण्ड वेदप्रणित हो । यसलाई सनातन धर्मको अभिन्न अङ्ग मानिन्छ। वेदमा ज्ञान उपासना र कर्म गरी तीन काण्ड छन्। तीमध्ये एक काण्ड हो। वेदका एकलाख मन्त्रबाट असी हजार वैदिक मन्त्र कर्मकाण्डका लागि छुट्याइएको बताइन्छ । कर्मकाण्ड नित्य, नैमित्तिक र काम्यकर्मका साथै देवकार्य, पितृकार्य र प्रायश्चित कार्यमा प्रयोग हुन्छ ।

कर्मकाण्डका अनेकौं आयाम छन् । कर्मकाण्ड सामाजिक सम्बन्धको आधार हो । कर्मकाण्डलाई आफ्ना पूर्वज वा पितृप्रतिको श्रद्धा तथा सम्मान मानिन्छन्। विभिन्न जातजातिको जातीय पहिचानको पनि हो । कर्मकाण्डलाई पुरोहित पण्डित लामाहरूको जीविकाको आधार पनि मानिन्छ । यज्ञ अनुष्ठान वर्षा प्रणाली, जलचक्र संतुलन र कृषि प्रणाली निरन्तरको लागि पनि त्यतिकै महत्त्वपूर्ण छ। यज्ञ र कर्मकाण्ड चेतना, साधना र अध्ययनको प्रेरणा माध्यम हो। गुन्युचोली, व्रतबन्ध, उपनयन वेदाध्ययन आदि संस्कारले बालबालिकाको चेतना र चरित्र निर्माणका आधार हुन्। जात्रा र चाडपर्वको पूजापक्ष कर्मकाण्ड भएकोले हाम्रा कर्मकाण्डका सांस्कृतिक सम्बन्ध त्यतिकै बलिया छन् ।

व्यक्तिले गर्ने हरेक काम तत्कालीन र दीर्घकालीन परिणामदायी हुन्छन्। कतिपय कर्मले प्रत्यक्ष फल दिन्छन् । कतिपयले भने अप्रत्यक्ष फल दिन्छन् । आँखाले देखिने गरी प्राप्त हुने फल दृष्टफल हो । तत्काल नदेखिने तर त्यसको प्रभावले अन्य काममा सकारात्मक परिणाम दिनेलाई अदृष्ट फल भनिन्छ । कतिपय अवस्थामा आफूले गरेको कर्मको फल परिवारजन र सन्ततिलाई समेत पर्न जान्छ। कतिपय जन्म जन्मान्तरमा समेत फल पाइने कर्म हुन्छन्। कतिपय देवतालाई पुष्टि दिने हुन्छन्। कतिपय पितृलाई तृप्ति दिने कर्म हुन्छन्। कतिपय कर्म गल्ती कमजोरीलाई प्रायश्चित गर्ने हुन्छन्। कतिपय कर्म पूर्व जन्म र यो जन्मका नराम्रो कामको पाप नाश गर्ने कर्म हुन्छन्। कतिपय कर्म प्रारब्ध निर्माण गर्ने कर्म हुन्छन् ।

जस्तो बोटबिरुवा रोप्दा कसैले दुई महिनामा फल दिन्छ। कसैले पाँच छ महिनामा दिन्छन्। कसैले १ वर्षमा त कसैले १०० वर्षपछि मात्र उत्पादन दिने गर्दछन्। कर्मकाण्ड र यज्ञ गर्दा पाइने फल पनि कर्मकाण्डको कर्मभेद, संकल्प र विधिका आधारमा तत्कालीन र दीर्घकालीन हुनजान्छ। शुभाशुभ जे जस्ता कार्य गरिन्छन् ती निष्फल हुंदैनन्। ती अवश्यमेव फल भोग गराउनेवाला हुन्छन्। *अवश्यमेव भोक्तव्यं कृतं कार्यं शुभाशुभम्* अर्थात् शुभ अशुभ जे काम गरे पनि कर्मको फल अवश्यमेव भोग्नै पर्दछ ।

# सन्दर्भसामग्री


कल्याण (१९९६), *धर्मशास्त्राङ्क,* गीताप्रेस ।

कार्की, एल. एस. (२०७८), *श्रीमद्भगवद्गीता (लोकगीता)* .गीताप्रेस ।

गौतम राजेश. (२०५७), *दिव्योपदेशको आधारमा श्री ५ पृथ्वीनारायण शाहको वैदेशिक आर्थिक र प्रशासनिक नीति,* गोरखा समाज ।

गिरि, रामानन्द (२०७३), *ईशादि दशोपनिषद्.* महेश सन्यास आश्रम ।

गौड वेणीराम (१९४४) *यज्ञ मीमांसा.* मास्टर खेलाडीलाल एण्ड सन्स ।

क्षेत्री, गणेश र रायमाझी रामचन्द्र (२०८०)., *नेपालको इतिहास,* एशिया पब्लिकेसन्स ।

गौड, दौलतराम (२०१५), *शुक्लयजुर्वेद संहिता.* ठाकुरप्रसाद बुक सेलर ।

ढकाल, वेणीमाधव (२०६८), *निर्णय सिन्धु चुडामणि टीका,* विद्यार्थी पुस्तक भण्डार ।

त्रिपाठी, मृत्युञ्जय (२००६), *कालिका पुराण.* नवशक्ति प्रकाशन.

दास कृष्णहरि (१९३५). *मनुस्मृती.,* चौखम्बा ।

देव, राधाकान्त (२०२४), *शब्द कल्पद्रूम,* चौखम्बा ।

पराजुली, स. (२०८०), *शिवलिङ्ग,* अकाडमी अफ तन्त्र एण्ड स्यामनिक स्टडिच. ।

पाण्डे, उमेशचन्द्र (१९९४) *याज्ञवल्क्यस्मृति,* चौखम्बा ।

पौडेल, हेमराज शर्मा (२०७१), *धर्मसिन्धुःसार.,* विद्यार्थी पुस्तक भण्डार ।

बज्राचार्य, धनबज्र. (२०३०). *लिच्छवि अभिलेख.* यसियाली अध्ययन केन्द्र सिनास.

बाल्मिकी. (२०६४), *श्रीमद्बाल्मीकि रामायण द्वितियखण्ड,* गीताप्रेस ।

मरासिनी, दधिराम (२०५४), *कर्मकाण्ड भास्कर,* महेन्द्र संस्कृत विश्वविद्यालय ।

विश्व हिन्दु महासंघ (२०७९), *ॐकारवाणी धार्मिक पत्रिका.,* विश्व हिन्दु महासंघ ।

वैद्य, जनकलाल (२०६१), *सिद्दयाग्नि कोट्याहुति देवल प्रतिष्ठा,* नेपाल प्रज्ञा प्रतिष्ठान. ।